चुरे गाउँपालिका

(Chure Rural Municipality)

गाउँ कार्यपालिकाको कार्यालय

(Office Of The Rural Municipal Executive)

प.सः २०८२/०८३

च.नं. ०५

घरखेडा, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

# सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

## (दोस्रो पटक सूचना प्रकाशित मिति २०८२/०८/२४ गते)

नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत यस चुरे गाउँपालिकामा वैदेशिक रोजगारीसँग सम्बन्धित मुद्दामा सहयोग तथा सहजीकरण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरण कार्यक्रम तथा रोजगारी सम्बन्धी सूचना प्रवाह गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता भएकोले योग्य नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

| क्र.स | विज्ञापन नं. | पद | संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | ०१/२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ (एक) | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/ नर्सिङ/ मनोविज्ञान/ समाजशास्त्र/ सोसिएल वर्क/ स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।<br>• कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, Power Point, Email/internet आदिको ज्ञान भएको), नेपाली भाषामा प्रतिवेदन तयार पार्न सक्ने । |

१. सेवाको अवधि : हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्यसम्पादन मूल्याङ्कनका आधारमा नवीकरण हुन सक्नेछ।

२. उमेर हद : दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

३. परीक्षाको किसिम : लिखित, प्रयोगात्मक र अन्तरवार्ता ।

४. दरखास्त दिने स्थान : चुरे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, प्रशासन शाखा घरखेडा, कैलाली ।

५. दरखास्त दिने अन्तिम मिति : सुचना प्रकाशित भएको मितिले १५ दिन सम्म कार्यालय समय भित्र ।( तर अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको पहिलो दिन )

६. तलब तथा अन्य सुविधा : कार्यक्रमको नियमानुसार हुनेछ ।

७. आवेदन दस्तुर : रु ७००।- (अक्षेरुपी सात सय मात्र ) ।

८. आवेदन साथ संलग्न गरिनु पर्ने कागजातहरु : आवेदक स्वयंले प्रमाणीत गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपीहरु : उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकता / राष्ट्रिय परिचयपत्र प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति, हेल्थ असिस्टेन्ट र स्टार्फ नर्सको हकमा काउन्सिल दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

९. दरखास्त फाराम पाइने स्थान : यस कार्यालयको वेवसाइट www.churemun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

.................

धर्मराज खत्री

प्रमुख प्रशासकीय अधिकृत

Web: www.churemun.gov.np, email: chure.gaupalika@gmail.com http://info@churemun.gov.np
Mobile no. 9858485303, 9858488012, 9858488013

CamScanner